नेपाल सरकार
अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभाग

फोन नं. : ५९७००८१
E-mail: hq@ird.gov.np
Web: http://wwww.ird.gov.np
लाजिम्पाट, काठमाडौं

पत्र संख्याः-
च.नं. :-

मितिः

## प्रेस विज्ञप्ति

आज मिति २०८२ पौष ९ गते बुधवारका दिन केराबारी गाउँपालिका, मोरङमा **करदाता सेवा कार्यालयको काम हस्तान्तरण कार्यक्रम शुभारम्भ** प्रमुख अतिथि आदरणीय **अर्थमन्त्री श्री रामेश्वरप्रसाद खनालज्यू**बाट भएको छ। केराबारी गाउँपालिका परिसरमा आयोजित उक्त कार्यक्रमको अध्यक्षता सो गाउँपालिकाका अध्यक्ष श्री सुमन मिरिङचिङ मगरज्यूले गर्नु भएको थियो भने प्रमुख अतिथिको रुपमा **अर्थमन्त्री श्री रामेश्वरप्रसाद खनाल**, विशिष्ट अतिथिको रुपमा सचिव(राजस्व) श्री भुपाल बराल, विशिष्ट अतिथि आन्तरिक राजस्व विभागका महानिर्देशक श्री मदन दहाल, अतिथिको रुपमा आन्तरिक राजस्व कार्यालय बिराटनगरका प्रमुख कर अधिकृत श्री केशव उप्रेती, सो गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री जयराम श्रेष्ठ, उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, स्थानीय उद्योगी– व्यवसायीहरु, करदाता तथा पत्रकार समेतको सहभागिता रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि आदरणीय श्री रामेश्वरप्रसाद खनालज्यूले आजको दिन प्रशासनिक संघीयतामा ऐतिहासिक दिन रहेको उल्लेख गर्दै वित्तीय संघीयतालाई अघि बढाएपनि प्रशासनिक संघीयता कमजोर रहेको अवस्थामा यस कार्यक्रमले कर प्रशासनको कामलाई विकेन्द्रित गर्दै प्रशासनिक संघीयतालाई थप मजवुद बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । करदातालाई सहजता, कर भुक्तानीको लागत र समय घट्ने, विकृत व्यवहार कम हुने, स्थानीय सरकारको 'आयस्रोत' सक्षमता करको आधारमा वृद्धि हुने, सुशासन प्रवर्द्धन कायम गर्ने दिशामा यो कार्यक्रम खुड्किला समेत रहेको बताउनु भयो । सो अवसरमा केराबारी गाउँपालिकाबाट पहिलो व्यवसायिक स्थायी लेखा नं. दि भ्वाइस क्याफे एण्ड रेष्ट्रो र व्यक्तिगत स्थायी लेखा नं. श्री चित्रकुमार तमाङ्गलाई प्रदान गरी करदाता सेवा कार्यालयको काम स्थानीय तहमा हस्तान्तरण भयो। आदरणीय अर्थमन्त्रीज्यूको समुपस्थितिमा केराबारी गाउँपालिका र आ.रा.का. बिराटनगरका प्रमुखबीचमा समझदारी-पत्र (MOU) भई सेवा कार्यालयको काम हस्तान्तरण भई राजस्व प्रणालीमा स्थानीय तहको प्रभावकारी भूमिका स्थापना हुने व्यहोरा केराबारी गाउँपालिकाका अध्यक्षज्यूले बताउनु भयो ।

**करदाता सेवा कार्यालयको काम हस्तान्तरण कार्यक्रमको** यो अवसर नेपालको कर प्रशासन प्रणालीको सुदृढीकरण तथा सुधारको दृष्टिले एक **ऐतिहासिक क्षण**का रूपमा रहेको छ। गाउँपालिकामा करदाता सेवाको काम हस्तान्तरण सँगै उद्योगी, व्यवसायी, सम्मानित करदाता तथा अग्रीम आयकर कट्टी गरी दाखिला गर्ने निकायहरूले अब आफ्नै नजिकको गाउँ/नगरपालिकाका कार्यालयबाट करसम्बन्धी दर्ता तथा विवरण बुझाउन सक्ने व्यवस्था भएको छ। यसले करदाताको समय र लागतमा उल्लेख्य बचत गर्नुका साथै सेवामुखी कर प्रशासन प्रवर्द्धनमा उच्च सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। यो पहल प्रशासनिक संघीयता कार्यान्वयन गर्ने दिशामा एक महत्वपूर्ण र ठोस कदम हो। संघीय कर कानूनहरू बमोजिम करसम्बन्धी सेवा तथा संकलन प्रक्रियामा स्थानीय तहको संलग्नताले सरकारको राजस्व आधार स्थानीय तह देखिनै विस्तार गर्न सहयोग पुग्नेछ। साथै, नागरिकहरूले कर दायित्व निर्वाह गर्न विभिन्न कार्यालयहरू धाउनुपर्ने अवस्थाबाट मुक्ति पाउनेछन् र आफ्नै घरआँगनमा कर प्रशासनको सेवा लिन पाउनेछन् । नेपाल सरकार(मन्त्रिपरिषद्) को मिति

नेपाल सरकार
अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

फोन नं. : ५९७००८१
E-mail: hq@ird.gov.np
Web: http://wwww.ird.gov.np
लाजिम्पाट, काठमाडौं

पत्र संख्याः-
च.नं. :-

मितिः

२०८२/०७/१७ को निर्णयले करदाता सेवा कार्यालयहरु खारेज गरी उक्त कार्यालयहरुबाट प्रदान भई आएका सेवाहरु सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा स्थानीय गाउँ/नगरपालिकाबाट प्रदान गर्ने कार्यको थालनी समेत भइसकेको छ ।आगामी आर्थिक वर्षदेखि सबै स्थानीय तहहरुबाट कर सम्बन्धी सेवा प्रवाह क्रमशः विस्तार गर्दै जाने नीति यस विभागको रहेको छ । विकेन्द्रीत तथा सेवामुखी कर प्रशासनको यो अभियानमा अग्रणी सहयात्रीको रूपमा सक्रिय भूमिका निर्वाह गर्नुभएकोमा **केराबारी गाउँपालिका प्रति आन्तरिक राजस्व विभाग हार्दिक कृतज्ञता व्यक्त गर्दछ।**

२०८२/०८/०३

...............................
राम बहादुर के.सी.
निर्देशक तथा सूचना अधिकारी

केराबारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय केराबारी, मोरङ कोशी प्रदेश, नेपाल



दर्ता मिति

| | दिन | महिना | साल |
|---|---|---|---|
| आयकर: | ०३ | ०९ | २०८२ |

स्थायी लेखा नम्बर
आन्तरिक राजस्व कार्यालय : आन्तरिक राजस्व कार्यालय विराटनगर
जारी गर्ने कार्यालय : केराबारी गाउँपालिका

करदाताको नाम : पवित्रा खवास

कारोबारको नाम : दि भाइब्स क्याफे एण्ड रेष्ट्रो

करदाताको प्रकार : व्यक्तिगत

ठेगाना : वार्ड नं. ८, मच्छिन्द्र चोक
गा.पा.: केराबारी,
मोरङ

व्यवसायका कारोबारहरु : फाष्ट फुड रेष्टुरेण्ट,

करदाताको दस्तखत

आधिकारिक दस्तखत

जयराम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत